# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, असोज ७ गते २०६१ साल (अतिरिक्ताङ्क २८(ख)

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा ऐन, २०४९ को दफा २७ को उपदफा (२) मा निजामती कर्मचारीहरूले पाउने तलब भत्ता लगायतका सुविधाहरूको दुई-दुई वर्षमा पुनरावलोकन गर्ने व्यवस्था रहेको सन्दर्भमा २०५७ साउन १ गतेदेखि लागू हुने गरी राष्ट्रसेवकहरूको तलव बृद्धि भई हालसम्म तलव लगायत अन्य सुविधाहरूका सम्बन्धमा पुनरावलोकन नभएको हुँदा राष्ट्रसेवकहरूको दीर्घकालीन तलव नीति तथा अर्थतन्त्रको अवस्था हेरी चालु आर्थिक वर्षमै कर्मचारीहरूको सुविधामा के कति बृद्धि गर्न सकिन्छ र तलवको अनुपात के कति कायम गर्न उपयुक्त हुन्छ, भन्ने बारे सुझाव पेश गर्नका लागि देहायबमोजिमको एक उच्चस्तरीय आयोग गठन गरी आयोगको कार्य विवरणसमेत तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. आयोगको गठन

क) श्री ईश्वरप्रसाद उपाध्याय, पूर्व मुख्य सचिव – अध्यक्ष

ख) सचिव, सामान्य प्रशासन मन्त्रालय – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग) डा. पार्थिवेश्वर तिमिल्सिना, विशेषज्ञ — सदस्य

घ) श्री मुरारी भट्टराई — सदस्य

ङ) सह-सचिव, अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा — सदस्य-सचिव

२. आयोगको कार्य विवरण

क) विगतका तलव सुविधा, आयोग, समिति र कार्यदलका प्रतिवेदनहरूको आवश्यक सूचनाहरू संकलन गर्ने, अन्तरक्रिया छलफल चलाई अध्ययन विश्लेषण गरी निष्कर्ष निकाल्ने।

ख) अर्थतन्त्रको अध्ययन गरी राष्ट्रसेवकहरूलाई के कस्तो सुविधाहरू प्रदान गर्न सकिन्छ। अध्ययन गरी उपयुक्त विकल्पहरूको सिफारिस गर्ने।

ग) राष्ट्रसेवकहरूको तलवमानको उपयुक्त अनुपातका सम्बन्धमा उचित विकल्पहरू सिफारिस गर्ने।

घ) राष्ट्रसेवकहरूको दीर्घकालीन तलव नीतिका सम्बन्धमा विभिन्न विकल्पहरूको अध्ययन गरी उपयुक्त विकल्पको छनौट गरी सिफारिस गर्ने।

ङ) सुविधा बृद्धिबाट अर्थतन्त्रमा पर्ने प्रभाव र राजश्व लगायत आय बृद्धिका लागि सम्भाव्य उपायहरूसमेत सिफारिस गर्ने।

च) सरकारी संयन्त्रको कार्यदक्षता अभिबृद्धि गरी शिरोभार खर्च कटौतीका उपायहरू सिफारिस गर्ने।

छ) आयोगले आफ्नो सिफारिससहितको प्रतिवेदन तयार गर्ने सन्दर्भमा यससँगसम्बन्धित पक्षहरूलाई बोलाई छलफल गर्ने, लिखित तथा मौखिक सुझाव लिन सक्नेछ।

ज) आयोगलाई आफ्नो सिफारिससहितको प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक लागेका कुराहरू र आफ्नो कार्यविधि आफैं तय गर्न सक्नेछ।

३. आयोगको कार्यविधिः आयोगको कार्यविधि कार्य आरम्भ गरेको मितिले ४ (चार) महिनाको हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. प्रतिवेदनः आयोगले आफ्नो सिफारिससहितको प्रतिवेदन माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूसमक्ष पेश गर्नेछ। श्री ५ को सरकारले आवश्यकता अनुसार अन्तरिम प्रतिवेदन माग गरेमा समितिले बीचैमा अन्तरिम प्रतिवेदन पेश गर्नुपर्नेछ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।